# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ ] काठमाडौं, मंसीर २७ गते २०३४ साल [ अतिरिक्ताङ्क ४४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### सूचना

विभूषण (अठाह्रौं संशोधन) नियमावली, २०३४

विभूषण नियमावली, २०२३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट देहायबमोजिमको नियमावली स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस नियमावलीको नाम "विभूषण (अठाह्रौं संशोधन) नियमावली, २०३४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. विभूषण नियमावली, २०२३ को नियम ४२ मा संशोधन : विभूषण नियमावली, २०२३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४२ को सट्टा देहायको नियम ४२ राखिएको छ :–

"४२. पदकहरूको प्रकार : पदकहरूको प्रकार देहायबमोजिम हुनेछन् :–

(क) सुप्रशंसनीय पट्ट ।

(ख) प्रशंसनीय पट्ट ।

(ग) प्रहरी रत्न ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) आकाश सेवा पट्ट ।
(ङ) गजेन्द्र मोक्ष ।
(च) राष्ट्र सेवा पदक ।
(छ) सेवा पट्ट ।
(ज) प्रहरी पराक्रम पदक ।
(झ) वारूण पदक ।
(ञ) समाज सेवा पदक ।
(ट) दुर्गम सेवा पदक ।
(ठ) परदेश सेवा पदक ।
(ड) नेपाल भूषण ।
(ढ) राजप्रासाद दीर्घ सेवा पट्ट ।
(ण) सैनिक दीर्घ सेवा पट्ट ।
(त) जानपद दीर्घ सेवा पट्ट ।
(थ) प्रहरी दीर्घ सेवा पट्ट ।
(द) प्रसिद्ध सेवा पदक ।
(ध) राजप्रासाद सेवा पदक ।
(न) सैनिक सेवा पदक ।
(प) शाही रक्षक सेवा पदक ।
(फ) जानपद सेवा पदक ।
(ब) प्रहरी सेवा पदक ।
(भ) सेवा पदक ।
(म) लक्ष्यभेदक पदक ।"

३. मूल नियमावलीमा नियम ४७ क. थप : मूल नियमावलीको नियम ४७ पछि देहायको नियम ४७.क. थपिएको छ :–

"४७क. राष्ट्र सेवा पदक :–

(१) राष्ट्र सेवा पदक राष्ट्रहितको लागि महत्वपूर्ण योगदान गर्ने जुनसुकै व्यक्तिलाई प्रदान हुन सक्नेछ ।

(२) यो पदकको बनोट तथा आकार–प्रकार परिशिष्ट ४ अनुसूची ५ क. मा उल्लेख भएबमोजिम हुनेछ ।"

४. मूल नियमावलीमा नियम ५० क. थप : मूल नियमावलीको नियम ५० पछि देहायको नियम ५० क. थपिएको छ :–

"५०क. समाज सेवा पदक :–

(१) समाज सेवा पदक सामाजिक क्षेत्रमा उल्लेखनीय सेवा गर्ने जुनसुकै व्यक्तिलाई प्रदान हुन सक्नेछ ।

(२) यो पदकको बनोट तथा आकार–प्रकार परिशिष्ट ४ अनुसूची ८ क. मा उल्लेख भएबमोजिम हुनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल नियमावलीमा नियम ६२ क. थप : मूल नियमावलीको नियम ६२ पछि देहायको नियम ६२ क. थपिएको छ :–

"६२क. सेवा पदक :–

(१) सेवा पदक जनहितको लागि प्रशंसनीय काम गर्ने जुनसुकै व्यक्तिलाई प्रदान हुन सक्नेछ ।

(२) यो पदकको बनोट तथा आकार–प्रकार परिशिष्ट ४ अनुसूची २० क. मा उल्लेख भएबमोजिम हुनेछ ।"

६. मूल नियमावलीको नियम ६९ मा संशोधन : मूल नियमावलीको नियम ६९ को सट्टा देहायको नियम ६९ राखिएको छ :–

"६९. मर्यादाक्रम : पदकहरूको मर्यादाक्रम देहायबमोजिम हुनेछन् :–

(क) शुभराज्याभिषेक पदक ।
(ख) बहादुरी पदक ।
(ग) आसाम बर्मा लडाईं पदक ।
(घ) सुप्रशंसनीय पट्ट ।
(ङ) प्रशंसनीय पट्ट ।
(च) प्रहरी रत्न ।
(छ) गजेन्द्र मोक्ष ।
(ज) राष्ट्र सेवा पदक ।
(झ) दुर्गम सेवा पदक ।
(ञ) परदेश सेवा पदक ।
(ट) आकाश सेवा पट्ट ।
(ठ) वारुण पदक ।
(ड) समाज सेवा पदक ।
(ढ) सेवा पट्ट ।
(ण) प्रहरी पराक्रम पदक ।
(त) नेपाल तारा पदक ।
(थ) त्रिशक्तिपट्ट पदक ।
(द) गोरखा दक्षिण बाहु पदक ।
(ध) नेपाल भूषण ।
(न) रजत जयन्ती पदक ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(प) राजप्रासाद दीर्घ सेवा पट्ट ।
(फ) सैनिक दीर्घ सेवा पट्ट ।
(ब) जानपद दीर्घ सेवा पट्ट ।
(भ) प्रहरी दीर्घ सेवा पट्ट ।
(म) प्रसिद्ध सेवा पदक ।
(य) राजप्रासाद सेवा पदक ।
(र) सैनिक सेवा पदक ।
(ल) शाही रक्षक सेवा पदक ।
(व) जानपद सेवा पदक ।
(स) प्रहरी सेवा पदक ।
(ष) महाभूकम्प पीडितोद्धार पदक ।
(श) सेवा पदक ।
(ह) लक्ष्यभेदक पदक ।

१ मूल नियमावलीको परिशिष्ट ४ मा अनुसूची ५ क., ८ क. र २० क. थप : मूल नियमावलीको परिशिष्ट ४ को –

(१) अनुसूची ५ पछि देहायको अनुसूची ५ क. थपिएको छ :–

"५क. राष्ट्र सेवा पदक :–

(१) मण्डल : यो मण्डल श्वेत गोलाकार हुनेछ । यसको मध्य भागमा रहेको अष्टदलको बीचमा राजमुकुट हुनेछ । यसको माथि "राष्ट्र सेवा पदक" भन्ने वाक्यांश रहनेछ । मण्डल झुण्डिने स्थानमा कलशको आकार रहनेछ । यो मण्डलको पछिल्तिर पशुपतिनाथको मन्दिर रहनेछ र यसको माथि "श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव" भन्ने वाक्यांश र मुनि "२०३४" भन्ने अङ्क हुनेछन् ।

(२) पट्टिका : यो पट्टिका ३६ मिलिमिटर लम्बाई, २५ मिलिमिटर चौडाई भएको दायाँ बायाँ १२।१२ मिलिमिटरको हरियो रङ्गको पृष्ठभूमिको बीचमा १२ मिलिमिटरको रातो रङ्गको रेशमको डोरा हुनेछ ।"

(२) अनुसूची ८ पछि देहायको अनुसूची ८ क. थपिएको छ :–

"८क. समाज सेवा पदक :–

(१) मण्डल : यो मण्डल श्वेत गोलाकार हुनेछ । यसको मध्य भागमा रहेको सोह्रकोणको बीचमा राजमुकुट रहनेछ । यसको माथि "समाज सेवा पदक" भन्ने वाक्यांश र मण्डल झुण्डिने स्थानमा कलशको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महाराजगञ्ज पुस्तकालय (watermark)

२५६

आकार रहनेछ । यो मण्डलको पछिल्तिर पशुपतिनाथको मन्दिर रहनेछ । यसको माथि "श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव" भन्ने वाक्यांश र मुनि "२०३४" भन्ने अङ्क हुनेछन् ।

(२) पट्टिका : यो पट्टिका ३६ मिलिमिटर लम्बाई, २५ मिलिमिटर चौडाई भएको र दायाँ बायाँ १२।१२ मिलिमिटरको हरियो रङ्गको पृष्ठभूमिको बीच १२ मिलिमिटर नीलो रङ्गको रेशमको डोरा हुनेछ ।"

(३) अनुसूची २० पछि देहायको अनुसूची २० क. थपिएको छ :–

"२०क. सेवा पदक:–

(१) मण्डल : यो मण्डल श्वेत गोलाकार हुनेछ । यसको मध्य भागमा रहेको पञ्चकोण र पञ्चाकारको बीचमा राजमुकुट रहनेछ । यसको माथि "सेवा पदक" भन्ने वाक्यांश र मण्डल झुण्डिने स्थानमा कलशको आकार रहनेछ । यो मण्डलको पछिल्तिर पशुपतिनाथको मन्दिर रहनेछ । यसको माथि "श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव" भन्ने वाक्यांश र मुनि "२०३४" भन्ने अङ्क हुनेछन् ।

(२) पट्टिका : यो पट्टिका ३६ मिलिमिटर लम्बाई, २५ मिलिमिटर चौडाई भएको र दायाँ बायाँ १२।१२ मिलिमिटरको हरियो रङ्गको पृष्ठभूमिको बीचमा १२ मिलिमिटर सेतो रेशमको डोरा हुनेछ ।"

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार; काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

356

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

358